आज मिति २०८१ साल भदौ महिना ०७ गते शुक्रबार दिनको ३:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को पाचौं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री सन्तोष थापा | का.वा.वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री विष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला वि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री पुरुषोत्तम घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री रवि किरण आचार्य | अ.स्तर सातौं | बे.न.पा. | | |
| २२ | श्री सन्जय रेग्मी | अ.स्तर छैटौं | बे.न.पा. | | |
| २३ | श्री रेणा ब. [illegible] | सहायक पाँचौं | ॥ | | |
| २४ | श्री | | | | |
| २५ | श्री | | | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्षः २०८१/८२

नगर कार्यपालिका बैठक संख्याः ५

मिति २०८१/०५/०७ गते दिउँसोको ०३ : ०० बजे

प्रस्तावहरू

१. आम्बासी भागलपुर रामपुर सडक निर्माण तथा स्तरोन्नति सम्बन्धमा ।

२. सोमबारे मायुङटार सडक निर्माण तथा स्तरोन्नति सम्बन्धमा ।

३. सेतीखोला रिङरोड आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) सम्बन्धमा ।

४. रामपुर खानेपानी पाइप विस्तार सम्बन्धमा ।

५. वडा नं. १ को कार्यालयमा थप गरिएको माथिल्लो तल्लाको बाँकी कार्य सम्बन्धमा ।

६. मेकानिकल इन्जिनियरबाट सेवा लिने सम्बन्धमा ।

७. वडास्तरीय योजना सञ्चालन विधि (स्लाइसिङ, प्याकेजिङ, उपभोक्ता समिति, ठेक्का वा अमानत) सम्बन्धमा ।

८. सिसुवा खोला नदी नियन्त्रण उपभोक्ता समितिको माग सम्बन्धमा ।

९. रामपुर र शिखरमाडी साप्ताहिक हाटबजार पूर्वाधार सुधार कार्यक्रम सम्बन्धमा ।

१०. बानडाँडा बजार ठेक्का व्यवस्थापन सम्बन्धमा ।

११. कार्यविधि सम्बन्धमा ।

(क) खेलकुद एकेडेमी सञ्चालन कार्यविधि, २०८१

१२. आर्थिक सहयोग सम्बन्धमा (निर्मला मगर) ।

१३. सवारी साधन मर्मत सम्बन्धमा (सशस्त्र प्रहरी क्याम्प, राष्ट्रिय अनुसन्धान कार्यालय) ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय समपूरक अनुदान अन्तर्गत चालु आर्थिक वर्षका लागि नगरपालिकालाई प्राप्त आम्बासी भागलपुर रामपुर सडक निर्माण तथा स्तरोन्नति योजना कार्यान्वयनका लागि नगरपालिकाले व्यहोर्नु पर्ने रकम थप गरी सडकको आम्बासी तर्फबाट लागत अनुमान बमोजिमको बिन्दुसम्म कालोपत्रे गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय समपूरक अनुदान अन्तर्गत चालु आर्थिक वर्षका लागि नगरपालिकालाई प्राप्त सोमबारे मायुङटार सडक निर्माण तथा स्तरोन्नति योजना कार्यान्वयनका लागि नगरपालिकाले व्यहोर्नु पर्ने रकम थप गरी सडकको सोमबारे तर्फबाट लागत अनुमान बमोजिमको बिन्दुसम्म कालोपत्रे गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ८ र ९ मा निर्माण गर्न प्रस्ताव गरिएको सेतिखोला रिङरोड योजना कार्यान्वयनका लागि निर्माण भएको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) बमोजिम कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर खानेपानी आयोजना निर्माण तथा कार्यान्वयनका क्रममा उक्त आयोजनाको खानेपानी पाइपलाइन बिस्तार गर्दा सडकको ROW भन्दा बाहिर पाइप हुने गरी विस्तार गर्ने र सो कार्य गर्दा हुनसक्ने क्षतिको विवरण तयार गरी क्षति न्यूनीकरणका विधिहरू अवलम्बन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलका नगरपालिका, १ नं. वडा कार्यालय भवनको माथिल्लो तल्लामा बाँकी रहेको कार्य सम्पन्न गर्नका लागि लागत अनुमान तयार पार्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा बेलका नगरपालिकामा रहेका सवारी साधनहरूको अवस्था तथा माइलेजको अवस्था अध्ययन गरी मर्मत, ईन्धन भुक्तानीका लागि सिफारिस सहितको प्रतिवेदन पेश गर्नका लागि नगरपालिकामा आवश्यकता अनुसार मेकानिकल ईन्जिनियरबाट सेवा लिने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आर्थिक वर्षका लागि विनियोजित वडा स्तरीय योजना तथा कार्यक्रमहरू कार्यान्वयन विधि (कोटेशन, ठेक्का, उपभोक्ता समिति वा अमानत) निर्धारण गरी वडा कार्यालयहरूलाई १५ दिनभित्र विवरण पेश गर्न निर्देशन दिने र सोहि अनुरुप योजनाहरूको स्लाइसिङ तथा प्याकेजिङ गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा सिसुवा खोला नदी नियन्त्रण उपभोक्ता समिति, बेलका नगरपालिका -४ ले नदी नियन्त्रण सम्बन्धी नगरपालिका समक्ष पेश गरेका माग सम्वन्धमा समाधानका उचित उपायहरू सिफारिस गर्ने आवश्यक कार्यविवरण सहित वडा नं. ४ का वडा अध्यक्ष श्री तिर्थराज

अशोक कार्की
नगर प्रमुख

अधिकारीको संयोजकत्वमा तपशील बमोजिमको सदस्य सहितको "सिसुवा खोला मूलधार प्रतिस्थापन अध्ययन कार्यदल" गठन गरी आवश्यकता अनुसार जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

तपशीलः

१. श्री तिर्थराज अधिकारी (वडा अध्यक्ष, ४ नं. वडा) – संयोजक

२. श्री अमर निरौला (वडा नं. ४) – सदस्य

३. श्री बिदुर दाहाल (वडा नं. ४) – सदस्य

४. श्री तोत्र थापा (वडा नं. ४) – सदस्य

५. श्री तिर्थ पराजुली (वडा नं. ४) – सदस्य

६. श्री बसन्त कुमार मगर (संयोजक, वातावरण तथा विपद व्यवस्थापन समिति) – आमन्त्रित सदस्य

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा बेलका नगरपालिका -९ स्थित रामपुर सासाहिक हाटबजारमा सरसफाई व्यवस्थापनका लागि पानी टंकी, डस्ट बिन, कुचो लगायतका फोहोर व्यवस्थापन सामग्री माग भई आएकोमा सोहि बमोजिमका सामग्रीहरू नगरपालिकाले खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस बेलका नगरपालिका वडा नं. २ स्थित बानडाँडा हाटबजार व्यवस्थापनका लागि पटक पटक ठेक्का आह्वान गर्दा समेत ठेक्का व्यवस्थापन हुन नसकेको हुँदा व्यक्तिले समेत ठेक्का प्रस्ताव हाल्न मिल्ने गरी पुनः ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा नगरपालिकाको शिक्षा शाखाबाट मस्यौदा भई बेलका नगरपालिकाको विधायन समितिको मिति २०८१/०५/०७ गतेको बैठकद्वारा आवश्यक संशोधन सहित स्वीकृतिका लागि सिफारिस भई आएको "बेलका महिला (U- 14) आवासीय फुटबल एकेडेमी सञ्चालन कार्यविधि, २०८१" यस कार्यपालिकाद्वारा स्वीकृत गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं. १२ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. १ आम्बासी निवासी जान बहादुर राईको मिति २०८१/०५/०१ मा काठमाडौंमा उपचाको क्रममा निधन भएको र निजका परिवारको आर्थिक अवस्था समेत अत्यन्त कमजोर भएको हुँदा शव ढुवानी तथा मृत्यु संस्कार कार्यका लागि यस नगरपालिकाबाट रु २६,०००।– (छब्बिस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३** प्रस्ताव नं. १३ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा वेश, रामपुर र राष्ट्रिय अनुसन्धान कार्यालय, उदयपुरले आफ्नो कार्यालयको सवारी साधन मर्मत खर्च माग गरेकोमा सशस्त्र प्रहरी बलको आवश्यकता बमोजिम मर्मत खर्च प्रदान गर्ने र राष्ट्रिय अनुसन्धान कार्यालय, उदयपुरलाई रु ४०,०००।– (चालिस हजार रुपैयाँ मात्र) सहयोग गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख